## आ.व. २०७७/७८ को लागि समपूरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्बन्धी जरुरी सूचना

### प्रथम पटक प्रकाशित मिति २०७६/११/०८

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ को लागि विनियोजन गर्ने समपूरक अनुदान तर्फ स्थानीय तहहरुको साझेदारीमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने र विशेष अनुदान तर्फका योजना तथा कार्यक्रमहरु समेत कार्यान्वयन गर्ने सन्दर्भमा सबै स्थानीय तहहरुबाट योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राप्त गरी आगामी आ.व. २०७७/७८ को बजेटमा उक्त आयोजनाहरु छनौट गर्ने हेतुले तल उल्लेखित शर्तहरुको अधिनमा रही २०७६ फाल्गुन मसान्त भित्र यस मन्त्रालयमा आइपुग्ने गरी समपुरक अनुदान तर्फका योजना तथा कार्यक्रमको हकमा कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) को अनुसूची १ बमोजिमको ढाँचामा उल्लेखित कागजात सहित तथा विशेष अनुदान तर्फका कार्यक्रमको हकमा कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन) को अनुसूची १ बमोजिमको ढाँचामा कार्यपालिकाको निर्णय सहित बढीमा ३ वटा सम्म हुने गरी छुट्टाछुट्टै प्रस्ताव पठाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) समपुरक अनुदान तर्फ**

१. प्रदेश सरकारसँग साझेदारीमा सञ्चालन गर्न आवश्यक देखिएका स्थानीय सडक, सिँचाई, खानेपानी, सामुदायिक विद्यालय, जनस्वास्थ्य पूर्वाधार, एकिकृत वस्ती विकास लगायतका पूर्वाधारसँग सम्बन्धित

२. समपूरक अनुदानबाट सञ्चालित आयोजनाहरुको लागत रु १ करोड भन्दा बढीको हुनुपर्नेछ ।

३. यस्ता आयोजनाहरुमा कर्णाली प्रदेश सरकारले ५० प्रतिशत र सम्बन्धित स्थानीय तह तथा अन्य स्रोतबाट समेत गरी बाँकी ५० प्रतिशतले हुन आउने रकम व्यहोर्नुपर्नेछ ।

४. दुई वा दुई भन्दा बढी स्थानीय तहहरुबाट संयुक्त रुपमा योजना माग भई आएमा प्रदेशले थप १० प्रतिशत अर्थात ६० प्रतिशत सम्म लागत व्यहोर्ने छ ।

५. यस्ता आयोजनाहरु आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न भइसकेको हुनुपर्नेछ ।

६. यस्ता आयोजनाहरुको कार्यान्वयन प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का प्रक्रियाद्वारा गर्नुपर्नेछ ।

७. आगामी आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभइ बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

८. आगामी आर्थिक वर्षमा सुरु भएका आयोजनाहरु सम्पन्न नभइ बाँकी रहन गएमा बाँकी कामको लागि प्रदेश सरकारले दायित्व व्यहोर्ने छैन र सो काम सम्बन्धित स्थानीय तहको आफ्नै बजेट तथा स्रोतबाट सम्पन्न गर्नुपर्नेछ ।

९. अन्य प्रक्रियाहरु कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) बमोजिम हुनेछ ।

१०. स्थानीय तहहरुबाट प्रस्ताव पेश भई प्रदेशबाट छनौट भएका समपूरक अनुदान स्रोतबाट सञ्चालन गरिने आयोजनाहरु संशोधन गरिने छैन ।

**ख) विशेष अनुदान तर्फ**

१. विकासमा राष्ट्रिय औसतभन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका कार्यक्रमहरु अथवा विपद्को कारणबाट विस्थापित व्यक्तिहरुको पुनर्स्थापनाको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रदान गर्न सञ्चालन गरिने आयोजनाहरु हुनुपर्नेछ ।

२. रु २० लाख भन्दा बढी लागत अनुमान भएका योजना तथा कार्यक्रम हुनुपर्ने ।

३. विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ । तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि अनुदान रकम उपलब्ध गराइने छैन ।

४. यस्ता आयोजनाहरु आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न भइसकेको हुनुपर्नेछ ।

५. यस्ता आयोजनाहरुको कार्यान्वयन प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक ठेक्का प्रक्रियाबाट गर्नुपर्नेछ ।

६. आगामी आर्थिक वर्षको मसान्तसम्म खर्च नभइ बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

७. अन्य प्रक्रियाहरु कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन) बमोजिम हुनेछ ।

८. स्थानीय तहहरुबाट प्रस्ताव पेश भई प्रदेशबाट छनौट भएका विशेष अनुदान स्रोतबाट सञ्चालन गरिने आयोजनाहरु संशोधन गरिने छैन ।

**समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरु**

१. नगर/गाउँपालिकाको योजनाको प्राथमिकिकरण सहितको पत्र

२. नगर/गाउँ कार्यपालिकाको निर्णय

३. आयोजना तथा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान

४. कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७५ र कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ को अनुसूची १

५. प्रत्येक आयोजनाको लागि संलग्न बमोजिमको शर्त घोषणा फारम समेत पेश गर्नुपर्नेछ ।

*नोटः १. समपूरक तथा विशेष अनुदान तर्फ २०७६ फाल्गुन मसान्तसम्म प्राप्त प्रस्तावहरुको लागि मात्र आवश्यक कारवाही गरी त्यसपश्चात प्राप्त हुने प्रस्तावहरु छनौटमा समावेश नगरिने हुँदा समयमा नै प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।*

*२. मन्त्रालयको वेवसाईट www.moeap.karnali.gov.np मा राखिएका कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संशोधन र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन अध्ययन गर्नुहुन साथै थप जानकारी आवश्यक भएमा यस मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको फोन नं. ०८३-५२१३७१ मा कार्यलय समयमा सम्पर्क गर्न सकिनेछ।*

# शर्त घोषणा

१. आयोजनाको कूल लागत सीमाभित्र रहेको (विशेष अनुदान तर्फ कम्तीमा रु २० लाख र समपूरक अनुदान तर्फ कम्तीमा रु १ करोड लागत अनुमान भएको)
२. आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकताको पुष्टयाइँ भएको
३. आयोजना कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्ति उपलब्धता रहेको
४. प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तथा बजेटमा पर्ने सुनिश्चितता गरेको
५. प्रदेश सरकारको प्राथमिकतामा परेको
६. पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, ड्रइङ, डिजाइन, स्केच भएको
७. आयोजनाको सम्भाव्यता अध्ययन भएको
८. प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय मूल्यांकन आवश्यक पर्ने भएमा सो मूल्याङ्कन भएको
९. आयोजनाको प्रस्ताव तयार भएको
१०. वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन संचालन तथा मर्मत सम्भार भएको
११. नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने कार्यक्रम/आयोजनासँग दोहोरो नपरेको
१२. आयोजना अवधि बढीमा २ वर्ष भएको
१३. वातावरणमा प्रतिकूल असर नपर्ने प्रकृतिको
१४. स्थानीय तहहरुले अधिकतम तीनओटा आयोजनाहरु प्रस्तावको रुपमा पेश गरेको र त्यस्ता आयोजनाहरुको प्राथमिकीकरण समेत निर्धारण गरेर पेश गरेको

आयोजना कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरु पूरा भएको व्यहोरा साँचो हो भनी घोषणा गर्दछु ।

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छाप :